# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोमिज देहायका अधिकृतहरूले मिति २०५५।१२।२५ देखि लागू हुने गरी नेपाल निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन श्री ५ को सरकारले मिति २०५५।१२।२४ मा स्वीकृत गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | नाम, थर | पद, मन्त्रालय |
|---|---|---|
| १. | श्री पुण्यप्रसाद दाहाल | सचिव, उद्योग मन्त्रालय |
| २. | श्री शरदकुमार भट्टराई | सचिव, शिक्षा मन्त्रालय |
| ३. | श्री नारायणराज तिवारी | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय |
| ४. | श्री आनन्दवल्लभ जोशी | सचिव, श्रम मन्त्रालय |

आज्ञाले,
सुशिलकान्त झा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५६।१।५ को निर्णयानुसार जिल्ला पाल्पा, मस्याम गा.वि.सं. ७ का श्री गोकर्णराज पन्थलाई एक वर्षको परीक्षणकालमा रहने गरी नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइड्रोपावर उप-समूहको राजपत्राङ्कित तृतीय श्रेणीको इन्जिनियर पदमा नियुक्ति गरी विद्युत विकास केन्द्रमा पदस्थापन गरिएको छ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।